स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



जितु नेपालले “मुन्द्रे” उपनामबाट नेपाली हास्य-व्यंग्य क्षेत्रमा फराकिलो पहिचान बनाए। कुनैबेला चर्चित हास्य टेलिसिरियल “जिरे खुर्सानी”को मुख्य पात्र थियो मुन्द्रे, जसको भूमिका जितु नेपालले निर्वाह गरेका थिए। लामो समय “जिरे खुर्सानी” चल्यो, तर टेलिभिजन युग सकिएसँगै यो ओझेलमा पर्‍यो। त्यसपछि जितु फिल्म र कमेडी शोमा सक्रिय हुन थाले। उनको “मुन्द्रेको कमेडी क्लब” शो पछिल्लो समय निकै चर्चामा रह्यो।

आजको विचार...



संयोग...
*(दुई पेजमा)*

डीआर उपाध्याय



फिल्म “गौंथली”को पहिलो गीत “आँखाभरि आँसु” सार्वजनिक गरिएको छ। काठमाडौंमा आयोजित एक कार्यक्रमका बिच सार्वजनिक गीतमा थानेश्वर गौतम र शान्तिश्री परियारको स्वर छ। गीतमा डा. भोला रिजालको शब्द तथा गायक गौतम स्वयंको संगीत छ। तीन दशक अघि गाउँघरमा हुने विवाहको परिवेशमा तयार पारिएको गीतको भिडियोमा फिल्मका मुख्य कलाकार अरुण क्षेत्री र सिम्रन पन्तको बेहुला बेहुलीको रुपमा देखिएका छन्।

❐ वर्ष ३१ ❐ अंक ३१५ ❐ २०८३ जेठ ३० गते शनिबार 13 June 2026, Saturday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# पाल्पामा ३५४ एचआइभी संक्रमितले औषधि सेवन गर्दै

## नियमित औषधि सेवनमा ध्यान दिन सरोकारवालाहरुको जोड

**भरत शर्मा**

**पाल्पा,** जेठ २९/ पाल्पामा ३ सय ५४ जना एचआइभी संक्रमितले नियमित औषधि सेवन गरिरहेका छन् । हालसम्म देखिएका ८ सय ४२ जना संक्रमित मध्ये ३ सय ५४ जनाले नियमित औषधि सेवन गर्दै आएका जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ । विभिन्न कारणले एचआइभी संक्रमित भएकाहरूले पाल्पा अस्पताल र रामपुर अस्पतालका एआरटी सेन्टरबाट नियमित औषधि सेवन गर्ने गरेका हुन् । औषधि सेवन गर्नेमध्ये १२ जना बालबालिका रहेका छन् । गत आर्थिक वर्ष ५ जनाको एचआइभी संक्रमितको मृत्यु भएको स्वास्थ्य कार्यालयले जनाएको छ ।

कार्यालयले संक्रमितहरुमा सचेतना फैलाउन शुक्रबार जनप्रतिनिधी, पत्रकार, प्रहरी र एचआईभी संक्रमित तथा जोखिम समुहबिच अभिमुखीकरण कार्यक्रम गरेको छ । कार्यक्रममा सहभागीहरुले एचआइभी संक्रमित व्यक्तिले नियमित रूपमा चिकित्सकको सल्लाह अनुसार औषधि सेवन गर्नुपर्नेमा जोड दिएका छन् । समयमै र निरन्तर औषधि सेवन गर्दा भाइरसको प्रभाव नियन्त्रणमा रहने, रोग प्रतिरोधात्मक क्षमता सुदृढ हुने तथा स्वस्थ जीवनयापन गर्न सहज हुने उनीहरूको भनाइ छ । एचआइभी संक्रमण भएका व्यक्तिले एन्टिरिट्रोभाइरल थेरापी (एआरटी) नियमित रूपमा सेवन गरेमा शरीरमा भाइरसको मात्रा न्यून रहने उनीहरुको भनाई छ ।



सरोकारवालाहरुले औषधि सेवनमा लापरबाही गर्दा उपचारको प्रभावकारिता घट्न सक्ने र स्वास्थ्य अवस्था जटिल बन्न सक्नेतर्फ सचेत गराएका छन् । उनीहरूले संक्रमित व्यक्तिलाई नियमित स्वास्थ्य परीक्षण गराउन, सन्तुलित आहार लिन र स्वस्थ जीवनशैली अपनाउन पनि सुझाव दिए । कार्यक्रममा सहभागीहरूले एचआइभी सम्बन्धी भ्रम र विभेद अन्त्य गर्न समाजका सबै पक्षले सहयोग गर्नुपर्ने आवश्यकता औंल्याए । नियमित औषधि खाँदा संक्रमण फैलन नसक्ने स्वास्थ्य कार्यालय पाल्पाका क्षपकुष्ट अधिकृत विश्वनाथ न्यौपानेले बताए । उनले एचआईभी एड्स बाहिरी वातावरणमा २३ सेकेण्ड मात्र बाँच्न सक्ने हुँदा सुरक्षित रुपबाट कण्डमको प्रयोग गर्दा यो रोग सर्न नसक्ने समेत बताए ।

नेपाल परिवार नियोजन संघ पाल्पाका प्रबन्धक शोवाकान्त न्यौपानेले एचआईभी रोग लागेका व्यक्तिले नकारात्मक सोच राख्न नहुने साथै उनीहरुलाई सेवा, शिक्षा स्वास्थ्य र रोजगारबाट बञ्चित गराउनु अपराध रहेको बताए । उनले संक्रमितलाई लाञ्छना र भेदभाव गर्न नहुने पनि बताए । प्रतिबद्ध समुहकी प्रबन्धक अस्मिता भण्डारीले एचआईभी संक्रमितलाई आफ्नो संस्थाले सहयोग गर्दै आएको बताइन् ।

उनले संक्रमित युक्त समाजको भय र त्रासले खुल्न नसकेका कारण जोखिममा बाँच्न परेको उल्लेख गरिन् । कार्यक्रममा स्वास्थ्य कार्यालयका निमित्त प्रमुख टुक प्रसाद पोखरेलले एचआईभी अन्य रोग भन्दा सामान्य हुँदै गएको र जनचेतना अभिवृद्धिका कारण यो रोगबाट संक्रमितको सङ्ख्या घट्दै गएको बताए । उनले अझै पनि यो रोग लागेका मानिसलाई भेदभाव दृष्टिले हेर्ने गरेका कारण कतिपय खुलेर औषधी सेवन गर्न डराएको बताए ।

नेपाल पत्रकार महासंघ पाल्पाका अध्यक्ष कमलराज तिमिल्सेनाले सञ्चार माध्यमबाट यस रोगबारे प्रचार-प्रसार गरेका कारण जनचेतना बढेको बताए । उनले छुवाछुत प्रथा जस्तै एचआईभी संक्रमितलाई पनि समाजले हेर्ने दृष्टिकोण सकारात्मक बन्दै गएको धारणा व्यक्त गरे ।

### संक्षिप्त समाचार

## आक्रमणमा तीनको मृत्यु



**(रासस/एएफपी)**

**मस्को,** जेठ २९/रूसी र युक्रेनी सीमा क्षेत्रहरूमा भएको आक्रमणमा तीन जना नागरिकको मृत्यु भएको अधिकारीहरूले शुक्रबार बता एका छन् । किएभले रूसको सुजेमकाको बस्तीमा प्रहार गर्दा ब्रायन्स्कको सीमावर्ती क्षेत्रमा दुई जना सर्वसाधारणको मृत्यु भएको कार्यवाहक गभर्नर एगोर कोभालचुकले टेलिग्राम मार्फत जनाइएको छ । युक्रेनको सीमा वर्ती क्षेत्र सुमीमा भएको ड्रोन आक्रमणकोमा आश्रयमा जाँदै गर्दा रेल स्टेशन अपरेटरका रूपमा कार्यरत एक जना महिलाको मृत्यु भएको युक्रेनी रेलवेका प्रमुख ओलेक्सान्डर पेर्टसोव्स्कीले बताउनु भएको छ । उहाँले अर्को एक जना स्टेशन परिचारिका, आक्रमणमा घाइते भएको बताउनु भएको छ । युक्रेनको दक्षिणी माइकोलाइभ क्षेत्रमा भएको छुट्टै आक्रमणमा तीन जना घाइते भएको जनाइएको छ ।


## अवैध चोरी निकासी नियन्त्रण गरौं

-गैरकानुनी रूपमा सामान देश बाहिर लैजाने/ल्याउने कार्य रोकौं,

-शंकास्पद गतिविधि देखे सम्बन्धित निकायमा जानकारी गराऔं,

-वैधानिक प्रक्रियाबाट आयात-निर्यात गरौं,

-कर छलि र तस्करी विरुद्ध सचेत बनौं,

-सीमा क्षेत्र र बजारमा निगरानी बढाऔं,

-प्राकृतिक स्रोत, वन सम्पदा तथा राष्ट्रिय सम्पत्तिको संरक्षण गरौं,

आर्थिक सुशासन कायम गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


# घाँस आम्दानीको राम्रो स्रोत बन्दै

**देउखुरी (दाङ),** जेठ २९/ दाङका किसान वर्सिम घाँसखेती गर्न आर्कषित भएका छन् । घाँस छरेपछि गोडमेल र अन्य काम गर्न नपर्ने भएकाले किसानहरु घाँसखेतीमा आर्कषित भएका हुन् । देउखुरीमा १८० घरपरिवारले घाँसखेती गर्ने गरेको शिवशक्ति घाँस बीउ उत्पादक संघका सचिव विमल अधिकारीले बताए । जोत्न, मल हाल्नु नपर्ने तथा लगानी कम र आम्दानी राम्रो हुने भएकाले यसतर्फ किसानको आकर्षण बढेको अधिकारी बताउन्छन् । घोराही-६ मा विसं २०५६ देखि नै व्यावसायिक रूपमा घाँसखेती सुरु भएको थियो । घोराही उपमहानगरपालिका-६ गुरुवागाँउका श्याम चौधरीले १५ कट्ठा जमिनमा वरर्सिम घाँसखेती गरेका छन् ।



वर्सिम घाँसले गाईवस्तु पाल्न सजिलो भएको उनी बताउन्छन् । हरियो हुँदा घाँस काटेर गाईवस्तुलाई खुवाउने र दानालाई बीउका रुपमा बेच्दा दोहोरो आम्दानी हुन थालेपछि श्याम चौधरी घाँसखेतीतर्फ आर्कषित भएका हुन् । पहिले तोरी, गहुँ र मसुरोखेती गर्ने उक्त जग्गामा अहिले वरर्सिम घाँस लगाउन सुरु गरिएको छ । गतवर्ष ७५ हजारको वर्सिम घाँस बेचेका श्यामले यसवर्ष एक लाख १८ हजारको वरर्सिमको दाना बिक्री गरेका छन् । घोराही-६ का सुशीला बुढामगरले ११ कट्ठा खेतमा वर्सिम घाँसखेती गरेकी छन् ।

*...बाँकी अन्तिम पेजमा*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## स्वास्थ्य सुरक्षामा सचेत बनौं

गर्मी मौसमका कारण तापक्रम बढ्ने, तातो हावा चल्ने तथा विभिन्न स्वास्थ्य समस्या देखापर्ने समस्याहरु देखिएका छन् । पछिल्ला वर्षहरूमा जलवायु परिवर्तनका कारण गर्मी अझ तीव्र बन्दै गएको छ । यस्तो अवस्थामा स्वास्थ्यप्रति सचेत रहनु प्रत्येक नागरिकको जिम्मेवारी बनेको छ । गर्मीलाई सामान्य मौसम परिवर्तनका रूपमा मात्र नलिएर यसबाट हुन सक्ने असरहरूबारे जानकारी राख्नु आवश्यक छ ।

गर्मी बढेसँगै पखला लाग्ने, खानेकुरा नपच्ने, फूड प्वोइजन हुने, छालाको संक्रमणदेखि टाउको दुख्नेसम्मको समस्या हुने गर्दछ । गर्मीमा शरीर आलस्य हुन्छ । थकाई लाग्छ । काम गर्न जाँगर चल्दैन । अर्कोतिर झिँगा फैलने, लामखुट्टेले टोक्ने, साङ्लाले दुख दिने पनि गर्मी याममै हो । गर्मी बढ्न थालेसँगे अहिले विभिन्न अस्पतालहरुमा विरामीहरुको समेत भिड देखिन थालेको छ । सानो कुरामा ध्यान नदिनाले विभिन्न किसिमका रोगहरूको सिकार बन्नु परेको छ । रोग लाग्नबाट बच्न समयमै ध्यान पुऱ्याउनु आवश्यक छ । यद्यपी मौसमको खराबीका कारण रोग लाग्ने होइन, हामीले मौसम अनुसार आफुलाई तयार राख्न नसकेका कारण मात्र यस्तो अवस्था भोग्नु पर्दछ । गर्मीमा स्वास्थ्य जोगाउन पर्याप्त मात्रामा पानी पिउनु सबैभन्दा महत्वपूर्ण उपाय हो । तिर्खा नलागे पनि नियमित रूपमा पानी तथा झोलयुक्त खानेकुरा सेवन गर्नुपर्छ । ताजा फलफूल, हरियो सागसब्जी र पोषिलो भोजन खानु आवश्यक छ । अत्यधिक तेलयुक्त, मसलेदार तथा बासी खानेकुराबाट टाढा रहनुपर्छ । साथै, दिउँसोको चर्को घाममा अनावश्यक रूपमा बाहिर ननिस्कने, हलुका र सुती कपडा लगाउने तथा छाता वा टोपीको प्रयोग गर्ने बानी बसाल्नुपर्छ । सरकार तथा सम्बन्धित निकायले पनि सार्वजनिक स्थानमा खानेपानीको व्यवस्था, स्वास्थ्य सचेतना कार्यक्रम तथा आवश्यक स्वास्थ्य सेवा उपलब्ध गराउन ध्यान दिनुपर्छ । विद्यालय, कार्यालय तथा समुदायस्तरमा गर्मीबाट बच्ने उपायबारे जनचेतना फैलाउनु आजको आवश्यकता हो । स्वास्थ्य नै मानव जीवनको सबैभन्दा ठूलो सम्पत्ति हो । गर्मी मौसममा सामान्य सावधानी अपनाएर धेरै स्वास्थ्य समस्याबाट बच्न सकिन्छ । त्यसैले गर्मीको समयमा आफू पनि सचेत बनौं र अरूलाई पनि सचेत गराऔं ।

### Opinion @ Social Network

जिन्दगीको आफ्नै नियम छ
पर्खे भेटिन्छ, सहे देखिन्छ ।
*(शान्ता चौधरीको फेसबुक स्टाटसबाट www.facebook.com/Shanta.Chaudhari)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# संयोग, संकेत कि सम्बन्धको नयाँ अध्याय !



**डीआर उपाध्याय**

नेपालको राजनीति कहिलेकाहीँ यस्ता घटनाहरूको साक्षी बन्छ, जसले सतहमा हेर्दा सामान्य संयोग जस्तो देखिए पनि त्यसभित्र गहिरो राजनीतिक अर्थ, कूटनीतिक सन्देश र रणनीतिक संकेतहरू लुकेका हुन्छन् । सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने र परराष्ट्रमन्त्री शिशिर खनालको हालै सम्पन्न भारत भ्रमणलाई त्यही दृष्टिले हेरिएको छ । १८ गते भारत प्रस्थान गरेका सभापति लामिछाने जेठ २२ गते स्वदेश फर्किए । रोचक संयोग के रह्यो भने लामिछाने स्वदेश फर्केकै दिन अर्थात् जेठ २२ गते परराष्ट्रमन्त्री शिशिर खनाल भारत भ्रमणका लागि प्रस्थान गरे । खनालको भ्रमण जेठ २४ गते सम्पन्न गरी स्वदेश फर्किए । समयको हिसाबले यी दुई भ्रमण एकअर्कासँग जोडिएका देखिन्छन् । अझ दुवै भ्रमण भारत केन्द्रित हुनु र नेपालको सत्तारूढ दलसँग प्रत्यक्ष सम्बन्धित व्यक्तिहरूको सहभागिता रहनुले यसलाई सामान्य संयोगभन्दा बढी अर्थपूर्ण बनाएको छ । नेपाल-भारत सम्बन्ध इतिहास, संस्कृति, धर्म, भूगोल, अर्थतन्त्र र जनस्तरसम्म फैलिएको सम्बन्ध हो । त्यसैले नेपालका कुनै प्रमुख राजनीतिक नेताको भारत भ्रमण सधैं चासोको विषय बन्छ । विशेषगरी नयाँ राजनीतिक शक्ति भनेर उदाएको रास्वपाका सभापति लामिछानेको भारत भ्रमणले सुरुदेखि चर्चा पाएको थियो ।

विगतमा भारतप्रति आलोचनात्मक दृष्टिकोण राख्ने केही राजनीतिक धारहरूको प्रभाव रहेको नेपाली राजनीतिमा लामिछानेको भ्रमणलाई धेरैले नयाँ राजनीतिक पुस्ताको कूटनीतिक परीक्षणका रूपमा पनि हेरे । भ्रमणका क्रममा लामिछानेले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलगायत विभिन्न उच्चस्तरीय व्यक्तित्वसँग भेटवार्ताको चर्चा बन्यो । यद्यपि भेटका औपचारिक विवरण पूर्णरूपमा सार्वजनिक नगरिए पनि भारतीय राजनीतिक वृत्तमा लामिछानेप्रति देखाइएको चासोलाई अर्थपूर्ण रूपमा व्याख्या गरिएको छ । नेपालमा उदाइरहेको नयाँ राजनीतिक शक्तिलाई भारतले नजिकबाट बुझ्न खोजेको संकेतका रूपमा हेरिएको छ । नेपालको राजनीतिमा भारतको प्रभावबारे विभिन्न मत रहँदै आएका छन् । कुनै समय भारतसँग निकट सम्बन्ध राख्नु राजनीतिक रूपमा आलोचनाको विषय बन्थ्यो भने अहिले विश्वव्यापी कूटनीतिक यथार्थले छिमेकीसँग सन्तुलित सम्बन्ध कायम राख्नुपर्ने आवश्यकता झन् बढाएको छ । यस्तो अवस्थामा लामिछानेको भ्रमणले रास्वपाले पनि परम्परागत दलहरूजस्तै कूटनीतिक सम्बन्धलाई महत्त्व दिनथालेको सन्देश दिएको छ । अर्कोतर्फ परराष्ट्रमन्त्री शिशिर खनालको भारत भ्रमण औपचारिक सरकारी भ्रमण थियो । मन्त्रीका रूपमा उनको भ्रमणको उद्देश्य द्विपक्षीय सम्बन्धलाई थप मजबुत बनाउनु, व्यापार, ऊर्जा, पूर्वाधार, जलस्रोत तथा क्षेत्रीय सहकार्यका विषयमा छलफल गर्नुथियो । उनले भारतीय विदेशमन्त्री एस जयशंकरसँग गरेको भेटवार्ताले दुवै देशका सञ्चारमाध्यममा उल्लेखनीय स्थान पायो । यद्यपि खनालले प्रधानमन्त्री मोदीसँग भेटगर्ने अवसर पाएनन्, तर समकक्षी जयशंकरसँगको संवादलाई कूटनीतिक दृष्टिले महत्त्वपूर्ण मानिएको छ । परराष्ट्र सम्बन्धमा विदेशमन्त्रीस्तरको वार्ता धेरै विषयको आधार तयगर्ने प्रमुख माध्यम हुन्छ । नेपाल र भारतबीच ऊर्जा व्यापार, प्रसारण लाइन विस्तार, सीमा व्यवस्थापन, व्यापार सहजीकरण तथा लगानी विस्तारका विषय पछिल्लो समय प्राथमिकतामा छन् । खनाल-जयशंकर भेटमा यिनै विषय केन्द्रमा रहेको बुझिन्छ । भारतीय सञ्चारमाध्यमले नेपालको वर्तमान राजनीतिक अवस्थालाई नजिकबाट नियालिरहेका छन् । विशेषगरी नयाँ राजनीतिक शक्तिहरूको उदय, गठबन्धन राजनीति र नेपालभित्रको बदलिँदो शक्ति समीकरणले भारतको ध्यान तानेको छ । यही कारण लामिछाने र खनालको भ्रमणलाई भारतीय मिडियाले विशेष चासोका साथ प्रस्तुत गरे । राजनीतिक विश्लेषकहरूका अनुसार यी दुई भ्रमणले नेपालभित्र एउटा नयाँ सन्देश दिएको छ । नेपालका नयाँ र पुराना सबै राजनीतिक शक्ति तथा राज्य संयन्त्रले भारतसँगको सम्बन्धलाई व्यावहारिक दृष्टिले हेर्न थालेका छन् । विगतमा जस्तो भावनात्मक बहस, राष्ट्रवादको नाममा अतिरञ्जित अभिव्यक्ति वा छिमेकीप्रति अनावश्यक शंका गर्ने प्रवृत्ति क्रमश: कमजोर बन्दै गएको देखिन्छ । यसको अर्थ नेपालले आफ्नो राष्ट्रिय हित बिर्सनुपर्छ भन्ने होइन । बरू राष्ट्रिय हितको रक्षा गर्दै छिमेकीसँग सहकार्य गर्ने आधुनिक कूटनीतिक अभ्यासलाई बलियो बनाउनुपर्छ भन्ने हो । भारत-नेपालको सबैभन्दा ठूलो व्यापारिक साझेदार हो । लाखौं नेपालीको रोजगारी, अध्ययन, उपचार र व्यवसाय प्रत्यक्ष-अप्रत्यक्ष रूपमा भारतसँग जोडिएको छ । ऊर्जा निर्यातदेखि पर्यटनसम्मका क्षेत्रहरूमा भारतको भूमिका महत्त्वपूर्ण छ । लामिछानेको भ्रमणले राजनीतिक तहमा संवादको नयाँ ढोका खोलेको देखिन्छ भने परराष्ट्रमन्त्री खनालको भ्रमणले राज्यस्तरको कूटनीतिक सम्बन्धलाई निरन्तरता दिएको छ । दुवै भ्रमण फरक प्रकृतिका भए पनि अन्तत: नेपाल-भारत सम्बन्धको एउटै ठूलो चित्रभित्र जोडिएका छन् । यस घटनाक्रमबाट हेर्दा एउटा प्रश्न स्वाभाविक उठ्छ-के नेपाल-भारत सम्बन्ध अब नयाँ चरणमा प्रवेश गर्दैछ ? उत्तर तत्काल दिन सकिँदैन । तर, पछिल्ला भ्रमणहरू, उच्चस्तरीय भेटवार्ता र द्विपक्षीय सहकार्यका पहलहरूले सम्बन्धलाई थप संस्थागत, व्यावहारिक र परिणाममुखी बनाउने संकेत भने दिएका छन् । नेपालले आफ्नो भूराजनीतिक अवस्थालाई अवसरमा बदलनसक्ने हो भने भारतसँगको सम्बन्धलाई भावनात्मक बहसभन्दा माथि उठाएर आर्थिक, कूटनीतिक र रणनीतिक सहकार्यको आधारमा अघि बढाउनुपर्नेछ । लामिछाने र खनालको भारत भ्रमणले यही यथार्थलाई पुन: स्मरण गराएको छ । नेपालभित्रको राजनीतिक रूपान्तरण, नयाँ पुस्ताको नेतृत्व उदय, बदलिँदो कूटनीतिक सोच र छिमेकीसँगको सम्बन्धलाई नयाँ ढंगले परिभाषित गर्ने प्रयासका प्रतीकका रूपमा लिन सकिन्छ । समयले यी भ्रमणहरूको वास्तविक प्रभाव कति रह्यो भन्ने देखाउनेछ, तर अहिलेका लागि यति भन्न सकिन्छ भारतसँग सम्बन्धित यी समानान्तर भ्रमणले नेपालको राजनीतिक र कूटनीतिक वृत्तमा नयाँ बहसको सुरुवात अवश्य गरेका छन् । परराष्ट्रमन्त्री शिशिर खनाल र भारतीय विदेशमन्त्री एस जयशंकरबीच भएका औपचारिक वार्ताहरूको सूची लामो छ । कनेक्टिभिटी, विकास साझेदारी, व्यापार तथा पारवहन, ऊर्जा सहकार्य, सीमापार पूर्वाधार निर्माण, विद्युत् निर्यात तथा क्षेत्रीय सहकार्यका विषयमा दुवै पक्षबीच सकारात्मक छलफल भएको बताइएको छ । विशेषगरी नेपालबाट भारततर्फ बढ्दो विद्युत् निर्यात, नयाँ प्रसारण लाइन निर्माण तथा सीमा नाकाहरूको स्तरोन्नतिका विषयमा समझदारीलाई उपलब्धिमूलक मानिएको छ । राजनीतिक वृत्तमा एउटा रोचक विश्लेषण सुनिन थालेको छ । केही नेपाल-भारत मामिलाका जानकारहरूका अनुसार रास्वपा सभापति लामिछानेको भ्रमणले राजनीतिक तहमा विश्वासको वातावरण निर्माण गऱ्यो भने त्यसको केही दिनपछि भएको परराष्ट्रमन्त्री खनालको भ्रमणले त्यसलाई औपचारिक कूटनीतिक सहमतिमा रूपान्तरण गर्ने अवसर पायो । यद्यपि औपचारिक पुष्टि भएको छैन, तर भ्रमणको समय, भेटघाटको स्तर र त्यसपछिका गतिविधिले अनुमानलाई बल पुऱ्याएको देखिन्छ । सत्ता पक्षले मन्त्री खनालको भ्रमणलाई उपलब्धिमूलक भन्दै आएको छ । विदेशमन्त्री जयशंकरसँगको भेटवार्तामा भएका सहमतिहरूले नेपाल-भारत सम्बन्धलाई थप सकारात्मक दिशामा अघि बढाउने दाबी गरिएको छ । ऊर्जा व्यापार विस्तार, सीमा पूर्वाधारको आधुनिकीकरण तथा विकास साझेदारीका नयाँ योजनाले आर्थिक सम्बन्धलाई थप मजबुत बनाउने अपेक्षा गरिएको छ । तर, नेपाल-भारत सम्बन्ध केवल व्यापार, ऊर्जा र पूर्वाधारको विषयमात्र होइन । दुई देशबीचका सबैभन्दा संवेदनशील र राष्ट्रिय महत्त्वका विषय भनेका सीमा विवाद र प्रख्यात इमिनेन्ट पर्सन्स ग्रुप (इपिजी)को प्रतिवेदन हुन् । यी विषयमा ठोस प्रगति नभएसम्म सम्बन्धको वास्तविक परीक्षण पूरा भएको मान्न सकिँदैन । परराष्ट्रमन्त्री खनालले भारत सीमा विवादबारे वार्ता गर्न तयार रहेको बताएका छन् । उनको यो भनाइ स्वाभाविक रूपमा सकारात्मक सन्देश हो । नेपालमा लामो समयदेखि सीमा समस्याबारे संवादको वातावरण बन्न नसकेको अवस्थामा भारत वार्ताका लागि सकारात्मक देखिएको सन्देशलाई स्वागतयोग्य मान्नुपर्छ । तर यहीँ एउटा महत्त्वपूर्ण प्रश्न उठ्छ-भारत कुन सीमा विवादका विषयमा वार्ता गर्न तयार भएको हो ? नेपाल र भारतबीचको सीमा विवाद सामान्य प्रशासनिक समस्या होइन । कालापानी, लिपुलेक र लिम्पियाधुरा क्षेत्रसँग जोडिएको महाकाली नदीको वास्तविक उद्गमस्थलको प्रश्न नेपालको राष्ट्रिय स्वाभिमानसँग जोडिएको विषय हो । त्यस्तै, सुस्ता क्षेत्रमा देखिएको सीमा अतिक्रमणको समस्या दशकौंदेखि समाधान हुनसकेको छैन । यदि भारत यिनै विवादित क्षेत्रबारे सार्थक वार्ता गर्न तयार भएको हो भने त्यो नेपालका लागि ठूलो कूटनीतिक उपलब्धि हुनेछ । तर, यदि वार्ताको तयारी सामान्य सीमा स्तम्भमर्मत, सीमांकनका प्राविधिक विषय वा कम विवादित क्षेत्रहरूमा मात्र सीमित हो भने त्यसलाई ठूलो उपलब्धिका रूपमा व्याख्या गर्न कठिन हुनेछ । त्यसैले मन्त्री खनालको भनाइले आशा जगाए पनि वास्तविक अर्थ र दायरा अझै स्पष्ट हुन बाँकी छ । इपिजी प्रतिवेदनको विषय उत्तिकै महत्त्वपूर्ण छ । नेपाल र भारतका विज्ञहरूको संयुक्त टोलीले वर्षौंको अध्ययनपछि तयार पारेको उक्त प्रतिवेदन अझै औपचारिक रूपमा कार्यान्वयन प्रक्रियामा प्रवेश गर्नसकेको छैन । प्रतिवेदन बुझाउन तयार हुँदा भारतले लामो समयसम्म त्यसलाई ग्रहण नगरेको अवस्था रह्यो । परिणामस्वरूप नेपाल-भारत सम्बन्धको पुनरावलोकन गर्ने एउटा महत्त्वपूर्ण अवसर अधुरै रह्यो । आज नेपाल-भारत सम्बन्ध आर्थिक रूपमा विस्तार भइरहेको छ । व्यापार बढिरहेको छ, विद्युत् निर्यात बढेको छ, पूर्वाधार परियोजना अगाडि बढिरहेका छन् । राजनीतिक र कूटनीतिक सम्बन्धको वास्तविक गहिराइ परीक्षण गर्ने विषय भने अझै समाधानको प्रतीक्षामा छन् । सीमा विवाद र इपिजी प्रतिवेदन जस्ता मुद्दामा ठोस प्रगति नभएसम्म सम्बन्धमा रहेका संवेदनशील प्रश्नहरू यथावत् रहनेछन् । यही कारण अहिलेको भारत भ्रमणलाई केवल उपलब्धिहरूको सूचीका आधारमा मात्र मूल्यांकन गर्नु पर्याप्त हुँदैन । अन्तत: कूटनीति केवल भ्रमणको संख्या, भेटवार्ताको स्तर वा संयुक्त विज्ञप्तिमा सीमित हुँदैन । कूटनीतिक सफलताको वास्तविक मापन राष्ट्रिय हितसँग जोडिएका मुद्दाहरूमा दीर्घकालीन प्रगति कति भयो भन्ने आधारमा हुन्छ । नेपालका लागि सीमा विवाद, इपिजी प्रतिवेदन, व्यापार असन्तुलन, ऊर्जा बजार तथा रणनीतिक स्वायत्तता यस्ता विषय हुन्, जसमा निरन्तरता, तयारी र परिपक्वता आवश्यक छ । त्यसैले हालका भ्रमणहरूलाई अन्तिम उपलब्धि होइन, बरू एउटा प्रारम्भिक चरणका रूपमा हेर्नु अधिक यथार्थपरक हुनेछ ।

*-इहिमालय टाइम्स डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
- बुटवल ०७१-५४०२२२
- स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
- बुटवल रामनगर ०७१-५४१२३३
- भैरहवा ०७१-५२०१९९
- अर्घाखाँची ०७७-५२११९९
- गुल्मी ०७९-५२०१९९
- परासी ०७८-५२०१९९
- तौलिहवा ०७६-५६००९९
- पाल्पा ०७५-५२०५३६, ५२०१९९
- इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
- लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
- लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
- भिमअस्पताल भैरहवा ०७१-५२०१९३
- मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
- परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
- पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
- लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
- पिचन्द्र परासी ०७८-५२०१८८
- भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
- अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
- तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
- तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
- सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
- बुटवल हस्पितल ०७१-५४६४३२
- लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
- रेडक्रस बुटवल ५४१००४
- लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
- मेडिटेक अस्पताल ५४९०७२
- कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
- आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
- रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
- रोटरी क्लब बुटवल ०७१-५४४६००
- लियो क्लब अफ बुटवल ०७१-५४५८९३
- रेडक्रस भैरहवा०७१-५२०२६३
- रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
- परासी ०७८-५२०१२५
- रेडक्रस पाल्पा ०७५-५२०६००
- रेडक्रस तौलिहवा ०७६-५६००१५
- रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
- रेडक्रस गुल्मी ०८९-५२०१६३
- नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
- लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
- नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
- जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
- लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
- बनगाई क्लब बनगाई ०७६-६९०१०२
- रेडक्रस देवदह ०७१-५७७०९९
- लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
- बुटवल जेसिस ९८४७१२९९६४
- न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
- परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
- रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : मनलाई आनन्द दिने काममा समय बित्नेछ। नयाँ बाटो देखाउनेछ। | **तुला** : भविष्यका योजनामा पनि प्रगति देखिनेछ। मनमा नयाँ आशा जाग्नेछ। |
| **वृष** : आफन्तसँगको सहयोगले केही महत्वपूर्ण काम सहज रूपमा पूरा हुनेछन्। | **वृश्चिक** : जिम्मेवारीतर्फ ध्यान केन्द्रित रहनेछ।मेहनतले राम्रो छाप छोड्नेछ। |
| **मिथुन** : भेटघाट र संवादले विशेष महत्व राख्नेछ। नयाँ सोचतर्फ प्रेरित गर्न सक्छ। | **धनु** :फरक विषय जान्ने र बुझ्ने इच्छा बढ्नेछ। अनुभवबाट लाभ प्राप्त हुनेछ। |
| **कर्कट** : गरिएको खर्च लाभदायक बन्नेछ। परिश्रमको प्रतिफलले मन खुसी बनाउनेछ। | **मकर** :एकअर्काप्रतिको विश्वास बलियो हुनेछ। दिन सन्तुलित र सुखद रहनेछ। |
| **सिंह** : व्यक्तित्व प्रभावशाली रहनेछ। अरूले तपाईंको सुझावलाई महत्व दिनेछन्। | **कुम्भ** : व्यक्तिसँगको सम्बन्ध अझ सुमधुर बन्नेछ। मनका कुरा खुलेर राख्न सकिनेछ। |
| **कन्या** : योजनाबारे सोच्न मन लाग्न सक्छ। हधैर्यले सही बाटो देखाउनेछ। | **मीन** : मनको अन्योल पनि कम हुँदै जानेछ। दिनभरि सक्रियता कायम रहनेछ। |

# साहित्य दर्पण

निबन्ध — राजेन्द्र पहाडी

## भोज र मोजको संस्कृति

मेरा एकजना शिक्षक मित्रको छोराले हालसालै कक्षा बाह्रको परीक्षा उतिर्ण गरेछन् । यही मेसोमा शिक्षक मित्रका साथीभाइले उनलाई छोराले उच्च माध्यमिकतह पास गरेको अवसरमा खुशियाली भोज खुवाउन आग्रह त्यतिबेलासम्म गरिरहे जतिबेलासम्म उनले एनकेन प्रकारेण भुजा-मासु सहितको मिनी भोज खुवाएनन् । अर्को एउटा साथीले यही दशैंको बिदाको उपयोग गर्दै कम्प्यूटरका 'कखरा' सिकेछन् र सिकेछन् इमेल इन्टरनेटका कुरा पनि । उनले कार्यथलो फर्केपछि आफ्ना दौंतरीहरुलाई आफूले यसपटकको दशैंमा हासील गरेको उपलब्धीका बारेमा फुरुङ्ग पर्दै जानकारी गराए । उनले कम्प्यूटर सिकें भन्न मात्र के भ्याएका थिए, दौंतरीहरुले घेरिहाले, 'यत्रो ठूलो काम गरिछस्, लौ ख्वा भोज ।' स्यामकृष्णले अब जाडो पनि आउन थाल्यो, दशैं-तिहारमा कपडा हाल्दा एउटा ज्याकेट पनि किन्नु पऱ्यो भनेर कालो-कालो रङ्गको ज्याकेट किनेका रहेछन् । तिहार नजिकिदाका दिनमा अलिक चिसो बढेको अनुभूती भएपछि त्यही कालो ज्याकेट लगाएर बजार निस्केछन् । नामले स्याम भए पनि गोरो बर्णका स्यामकृष्ण कालो ज्याकेटमा निकै खुलेका देखिन्थे । यो देखेपछि के नै बहाना चाहियो र, उनका साथीहरु एकै श्वरमा भन्न थालिहाले, 'यस्तो चिटिक्क सुहाएको कालो ज्याकेट किनेको उपलक्ष्यमा स-सानो भोजको आयोजना गर्न किन पछि पर्ने र ?' स्यामकृष्ण साथीभाइको च्याईं च्याईं र करकापबाट फुत्किनै सकेनन् । तीनसय पचासमा किनेको ज्याकेटको भोज खर्चमा खन्खन्ती गनेर पाचसय रुपिया "का दशा लागे । मेरा अर्का एक मित्रले घरमा सबै दृष्टिले सक्षम एउटी श्रीमती हुदा हुदै कानूनको बर्खिलाप हुनेगरी अर्की हुलेछन् । कानूनले दण्डनीय काम गरेको थाहा पाउदा पाउदै पनि मेरा बा"की विद्वान मित्रहरुले उनलाई दोश्रो श्रीमती भित्राएको शुखद (?) उपलक्ष्यमा भोज नख्वाएसम्म फुर्सद नै नदिने अड्रिकसेर बसे । आखिर ति मित्रले पनि छिमेकीहरुले थाहा नपाउने गरी आफ्ना सहकर्मीहरुलाई भोज खुवाएरै छाडे । माथिका दृष्टान्तहरु त केवल प्रतिनिधि घटनाहरु मात्र हुन् भोज महिमाका । यस्ता अनेकन औसरहरु तपाईंहरुले पनि थुप्रै भेट्नु भएको हुनसक्दछ । अर्कालाई उचालेर, फुर्काएर, धम्काएर या लालच देखाएर भोजमा मस्तीराम गर्न सिपालुहरुले नजानि"दो ढंगले भोजको मेसो जुराउने गरेको कुरा साच्चिकै रोचक लाग्दछ मलाई । ठूलो सफलता या बिशिष्ठ काम गर्नै नपर्ने भोज खानलाई । सामान्य मौसम परिवर्तन, लवाई खुवाईमा देखिएको नया"पन अथवा यस्तै कुनै दैनिक जीवनको क्रमभङ्गतालाई आधार मानेर प्रस्ताव राख्नेले राखिदिए पछि अक्षोभ्य पात्र भोजको चक्करमा नराम्रोसग फस्न पुग्दो रहेछ । नया बाटो हिडे पनि भोज, नया विचार ल्याए पनि भोज, नया पुस्तक पढे पनि भोज, पत्रपत्रिकामा नाम प्रकाशित भए पनि भोज, सधैंको भन्दा भिन्दै शैलीले कपाल कोरेको भए पनि भोज, भाषण गर्ने या सासन गर्ने अवसर पाए पनि भोज । धन्य छ भोज भवसागर । भोज खुवाउनका लागि गरिने विनित् प्रस्तावहरुको श्रृङ्खला निकै लामो हुन सक्छ । अरुलाई इल्लीबिल्ली पार्न र अप्ठ्यारोमा पार्न खप्पिसहरुले अनेक बहाना बनाएर कतै तपाईंको सामु पनि भोजको प्रस्ताव लिएर आइपुग्लान है, होशियार हुनुहोस् । कुनै सोधखोज नै नगरी प्याच्च भन्न सकिने 'भोज' वास्तवमा ताजुबको चिज रहेछ । भोजमा मोज गर्न पल्केकालाई यसको स्वाद अनौठो र अचाक्ली नलागे पनि अक्करमा परेर भोज खुवाउनु पर्ने बाध्यात्मक अवस्थामा पुगेकालाई यसले कति चक्कर खेलाउन्छ भन्ने कुरा परेकाले मात्रै जान्ने कुरा होला । छानी छानी र गनी गनी रोजै भोजको तारतम्य मिलाउन जानेकाहरुले अरुलाई कत्तिको भोज भतेर खुवाउन्छन् होला मैले यसै भन्न सक्तिन । नेपाली वृहत् शब्दकोषले भोजलाई परिभाषित गरेका आधारमा भन्ने हो भने कुनै खास चाडपर्व वा बिहे बटुलोमा धेरैजना सहभागी भएर खाइने भोजन वा भतेरलाई भोज भनेर बुझाइएको छ । तर अचेल विकास भएको भोज संस्कृति यो परिभाषाबाट पृथक देखिन्छ । आफ्नो खल्तीमा पैसा छैन या भएर पनि खर्च गर्न मन मान्दैन भने नजिकको मित्रलाई प्रस्ताव राखे भैहाल्यो 'लौ है, आज त तिमीले फलानो उपलक्ष्यमा भोज खुवाउनै पर्दछ है ।' आफूले खुवाउन पर्ने भए अनेक तानाबान बुनेर बहानाबाजी गर्ने, आफूले यसरी भोज खान छोडेको धेरै भएको भनेर झुट्टा जानकारी गराउने तर अर्काको सित्तैमा पाउने भएपछि दिनभर कुरेर भएपनि केही न केही हात नपारी नछाड्ने लुच्चाहरुको तरिका देखेर अचम्म मान्नु बाहेक केही गर्न सकिने अवस्था हुने रहेनछ । अझ रोचक प्रसङ्ग त के रहेछ भने अर्कालाई भोजको एम्बुसमा पार्न कसरी सकिन्छ भन्ने बारेमा स-सानै भएपनि अनुभवसिद्ध सोध गरेकाहरुले मान्छे हेरेर भोजका भेराइटीहरु निर्धारण गर्दा रहेछन् । यस्ता बुज्रुक भोजवादीहरुले सामान्य मासु-भुजालाई भोजको सूचिमा नै राख्दा रहेनछन् । अर्काको मेजमानी खाएर मुख मिठ्याउन पल्केकाहरुले मासु-भुजालाई निम्नकोटीको भोजन मान्दछन् भन्दा धेरैलाई आश्चर्य लाग्न सक्दछ । भएसम्म विदेशी सोमरस नभएपनि स्वदेशी सिलबन्दी सहितको बसिबि"यालोलाई यिनीहरुले मध्यमस्तरको भोज मान्दा हुन् सायद । यसभन्दा उपल्लोस्तरको भोजको त के कुरा गर्नु र ? साना-ठूला व्यापारिक कारोवार, ठेक्कापट्टा, लेनदेन, कमिशन आदिका बारेमा निश्कर्ष निकाल्ने र नमिलेका कुरा मिलाउने यस्ता तहका भोज भतेर अलिक फरक शैलीले व्यवस्थापन गरिएका हुदा हुन् । भोजलाई घाटीबाट भित्र छिराउन बिशिष्ठ खालको सितनको भिन्दै व्यवस्था गरिएको हुदो हो । आ, थाहा नभएको विषयमा के कुरा गर्नु र ? बिछट्टैको विषय के पनि छ भने अरुले भोज खुवाऊ भनोस् या नभनोस् आफै मपाई भएर भोजको प्रायोजन गर्नेहरुको पनि कमी देखेको छैन मैले वरपर । आफ्नो गैरकानूनी काम फत्तै गर्न, दुनियालाई ठगेर कमाएको कालोधनलाई चोख्याउन तथा आफूले गरेको नाजायज कामलाई जायज बनाउनका लागि समर्थन बटुल्न आयोजना गरिने यस्ता नियोजित तथा कुत्सित मनसायले तय गरिएका भोजहरु भोज मध्येका खतरनाक भोजहरु हुन् । यस्ता भोजहरु कुनै ठोस सन्दर्भ, अवसर वा बहानाबिना नै आयोजित हुन्छन्, र भोजका बारेमा कसैले अत्तोपत्तो नपाओस् भनेर खुब सतर्क हुन्छन् तथकथित आयोजकहरु । यस्ता भोजहरुमा सकेसम्म कलमजीवीहरुको नजर नपरोस् भनेर विशेष सतर्कता अपनाइन्छ भने कतिपय अवस्थामा सोमरसका पारखी कलमजीवीहरुलाई विशेष निम्ता गरेर तिनको विवेक र धर्मलाई खरिद गरिन्छ या निस्तेज पारिन्छ । खासै काम नभए पनि अथवा अन्य आर्थिक स्वार्थ केही नभए पनि छिमेकीलाई फूर्ति देखाउन पनि कसै कसैले यस्ता भोजको आयोजना गर्दा रहेछन् भन्ने कुरा पनि रोचक नै हुने रहेछ । आफ्नो घरमा राती अबेरसम्म गाना बजाना, मोजमस्ती र पाहुनाहरुको आवत जावतलाई देखाएर छिमेकीलाई खुच्चिङ गर्न चाहनेहरुको छोटो बुद्धिले आफ्नै धन खर्चेर यस्ता भोज आयोजना गर्न उक्साउने रहेछ । अझ गाडीवाला पाहुना परे भने त के चाहियो र ? आयोजक त्यसै मख्ख, छिमेकीले देख्ने गरी गाडी पार्किङ गर्न लगाउने र आफूहरु भित्रभित्रै दङ्ग पर्ने । ती बिचरा आयोजकहरुलाई के थाहा, आफ्नो स्रोत साधन खर्च गरेर जति खुवाए पियाए पनि पाहुनाहरु सधैंका लागि आफ्ना हुन सक्दैनन् भनेर । 'छन् गेडी सबै मेरी, छैनन् गेडी सबै टेढी' । खान पल्केकाहरु खान पाउञ्जेल न आफ्ना हुन्छन् । खान पाउन छोडे पछि मरेको जन्तुलाई उपियाले छोडे जस्तो छोडेर जान्छन् । आफूले कहिल्यै भोजका नाममा जन्मदिनका अवसरमा एउटा चक्लेटसम्म नबाड्नेले अरुबाट भने बडे बडे अपेक्षा गर्नु र अरुका कुरा काट्नु पनि अनौठो खालको संस्कृति छ हाम्रो समाजमा । अचेल भोजको बजारमा नविनतम भोज संस्कृतिले पनि प्रवेश पाएको रहेछ । त्यो हो सामुहिक तिरनतारनवाला भोज । अर्थात पालो लगाएर पैसा व्यर्होने । केही साथीभाइ मिलेर पालैपालो भोजको आयोजना गर्ने र आ-आफ्नो पालोमा परेको खर्च सम्बन्धित व्यक्तिले भुक्तान गर्नुपर्ने । तुलनात्मक रुपमा यो प्रकृतिको भोज अन्य प्रकारका भोजभन्दा उन्नत यो अर्थमा देखिन्छ की यसमा सबैले पालैपालो रकम तिर्छन् । सामुहिकतामा आधारित भएर उपभोग गर्ने प्रणालीलाई प्रवर्द्धन गर्न यसले सहयोग पुऱ्याउन सक्दछ । खाना, नाना, गाना र अनेकथरी तानाबानामा विश्वास राख्नेहरु आफूहरु केवल 'खानका लागि जन्मेको' भन्ने भुलभुलैयामा बा"चेका हुन्छन् ।स्वाभाविक रुपमा मुलुकले यतिखेर आूनो काया परिवर्तनका खा"तिर सबै देशबासीहरुका तर्फबाट इमान्दार मेहेनत र परिश्रमको अपेक्षा गरिरहेको छ । जो जहा" छ त्यही"बाट आफूसक्दो सकारात्मक भूमिका खेल्नु पर्ने आजको आवश्यकता हो । यसको विपरित भोग बिलास र मोजमस्तीमा रमिरहने तरिकाले नया" नेपाल विनिर्माणको संकल्पमा कुनै योगदान पुग्न सक्दैन । यसबाहेक कर्मको संस्कृतिलाई तिलाञ्जली दिएर अर्काको कमाईमा रम्ने तथा अर्कालाई चुसेर खाने प्रवृत्तिलाई बढावा दिने हो भने त्यो भन्दा अर्को ठूलो बेइमानी केही हुनेछैन । वस्तुत: आजको अपरिहार्यता भनेको आफ्नो कर्ममा गर्व गर्ने, पसिनाको कमाईलाई जे जस्तो छ, मिठो-राम्रो मानेर उपभोग गर्ने र राष्ट्र निर्माणको महाअभियानमा दर्विलो इट्टा थप्नु हो । सबैलाई चेतना भया ।

***-समकालीन साहित्य डटकम***

कथा — नरेन्द्रनाथ भट्टराई

## उज्यालो बस्ती



काठमाडौँका गगनचुम्बी भवनहरू, उद्योग, मोटरगाडी, भीड, धुवाँ र धुलोको अराजक कोलाहलबाट टाढा पहाडको काखमा टाँसिएजस्तो बनेको एउटा सानो गाउँ थियो, जसको नाम थियो उज्यालो बस्ती । नाममा उज्यालो भए तापनि, त्यस बस्तीको जीवनमा गोधूलिभन्दा पनि बाक्लो अन्धकार थियो । वर्षौंदेखिको अज्ञानताको सुरुङ, अन्धविश्वासको बेडी, शोषणको जञ्जिर र भयको छायाले गाउँलाई आवृत पारेको थियो । साँझ पर्दा पहाडबाट लम्बिने छायाले जब बस्ती ढाक्थ्यो, गाउँलेहरू डरले स्वर गम्भीर बनाएर भन्थे "देउता रिसायो, आज रात अनिष्ट बन्न सक्छ ।" गाउँका तथाकथित 'पण्डितङ्कहरू चौतारोमा उभिएर बारम्बार दोहोऱ्याउँथे "देवताको कोप टार्न धुपधुवांर र बलिवेदी अनिवार्य छ, नत्र विपत्ति अवश्यम्भावी छ '" यही वाक्य पुस्तौं देखिको नियति थियो गाउँलेहरूको ।

शिक्षकहरू कहिल्यै टिकेनन् । उनीहरूलाई 'कुसंस्कार फैलाउने शत्रुङ्क भन्दै गाउँबाट धपाइन्थ्यो । मुखियाहरू बाहिरबाट आउने सहयोग निजी गोदाममा भण्डारण गर्थे । तर गाउँ भने भित्ताको लेदोजस्तै, चिरपुरानो अन्धकारमा कैद थियो । उज्यालो बस्ती सिसीफसको मिथकजस्तै थियो । जहाँ मानिसहरूले जीवनभर विशाल ढुङ्गा धकेल्थे र हरेकपल्ट त्यो ढुङ्गा पहाडको गोरेटो हुँदै फेरि तलै फर्किन्थ्यो, कहिल्यै कुनै प्रगति थिएन । त्यही बस्तीमा जन्मिएको थियो, विलक्षण । उसका आँखामा अचम्मको चमक थियो । न पण्डितको भय, न मुखियाको लोभ, न परम्पराको अन्धअनुदान । उसका आँखाहरूमा एउटै अडिग प्रश्न थियो, "किन ? यो प्रश्न उसले आफूसँग मात्र होइन, आफूभित्रको डरसँग पनि सोध्थ्यो । एकदिन गाउँको चौरमा प्रयोगको पुरानो सामान मर्मत गर्न गाउँभन्दा बाहिरको कुनै एक अपरिचित मानिस आयो । उसको सानो झोलामा मोबाइल थियो, गाउँमै पहिलोपटक देखिएको रहस्यमय यन्त्र । विलक्षणले पहिलोपटक मोबाइलको स्क्रिनबाट निस्किएको नीलो उज्यालो देख्दा उसका आँखाले मात्र हैन, सासले समेत गम खायो, जसरी अन्धा मानिसले पहिलोपटक दियोको प्रकाश बुझ्छ । त्यो उज्यालो गाउँको पुरानो ढुङ्गे भित्तामा प्रतिविम्बित हुँदा पुरानो अन्धकारको रंग क्षणभरमै हराएको महसूस भयो । स्क्रिनमा देखिएका विशाल संसारका चित्रहरूले उसको कल्पनाको पर्खाल भत्काइदियो । उसको फदयको गहिराइबाट आवाज आयो, "यदि ज्ञान, देउता रिसाउने जादू हो भने किन यसको उज्यालोले मलाई भय होइन, स्वतन्त्रताको स्वाद दियो ?" बिस्तारै उसले इन्टरनेट चलाउन सिक्यो । त्यसपछि संसारका महान् आवाजहरू उसका कानसम्म आइपुगे । मण्डेला: "शिक्षा नै संसार बदल्ने सबैभन्दा शक्तिशाली हतियार हो ।" अमर्त्य सेन: "विकास भनेको आयभन्दा बढी, स्वतन्त्रताको विस्तार हो ।" हरारी: "मानिसहरू कथामा संयोजित हुन्छन्, त्यसैले इतिहास, सत्य र मिथक एउटै धागोबाट बुनेका हुन्छन् ।" यी आवाजहरूले उसको फदयमा एउटै स्वरमा चलायमान गति सृजना गराए, "गाउँमा परिवर्तन चाहिन्छ र त्यो सम्भव छ ।" विलक्षणले गाउँको ढुङ्गे घरहरूमध्ये एउटामा सानो इन्टरनेट केन्द्र खोल्यो र नाम दियो, "उज्यालो क्याफे" गाउँका लागि त्यो केवल एक कोठा थियो, विलक्षणका लागि विश्वसँग साक्षात्कार हुने ज्ञानको द्वार । उसकी आमा पहिलोपटक त्यहाँभित्र पसेर स्क्रिनमा देखिएको विशाल समुद्र हेरेर चकित भइन् । उनको आँखामा आँशु टिलपिल टिलपिल भए, "आकाश आफैं भुइँमा ओर्लेको जस्तो छ त ' तर बाबु, यो नयाँ शक्तिले हाम्रा देउतालाई नरिसाओस् है '" नक्सा नचिनेका, पुस्तक नदेखेका बुढाबुढीहरूले जब हिमालयभन्दा ठूला पर्वतहरू पनि विश्वमा छन् भन्ने थाहा पाए, अभिशप्त 'सानोपनङ्क को भावनाले भरिएको जीवनको बोझ उनीहरूको आँशुले धुन थाल्यो । युवाहरूले युरोपका शहर, सिंगापुरका सडक, स्विट्जरल्याण्डका हिमाल देखे । उनीहरू एकअर्कालाई सोध्थे "सगरमाथा त संसारकै शिरमा उभिएको छ, तर हामी किन यति पछि छौँ ?" विलक्षण मुस्कुरायरुो । यही प्रश्न नै परिवर्तनको पहिलो ढोका हो । उसले क्याफेको ठूलो स्क्रिनमा देशका दृश्यहरू प्रोजेक्ट गऱ्यो । पोखराको फेवा, इलामको माइपोखरी, मुगुको राराताल । गाउँलेहरूले सुइँक-सुइँक गर्दै हेरे "हाम्रो त अझै सुन्दर' यति नजिक भएर पनि हामीले किन नदेखेका रहेछौं ?" पहिलोपटक गर्वको उज्यालो गाउँलेका आँखामा झल्कियो । पहिलोपटक उनीहरूले महसूस गरे, "सम्पदा हाम्रो विशाल छ, सोच मात्र साँघुरो थियो, रहेछ ।" विलक्षणको लोकप्रियता देखेर मुखियाहरू छटपटाए । उनीहरूले गुपचुप रूपमा 'विकास योजनाङ्क भन्दै विदेशी दलालसँग गाउँको ठूलो जमिन बेच्ने सम्झौता गरे । मुखियाले धम्काउँदै विलक्षणलाई रोक्न खोजे । विलक्षणको मनमा एकपटक डरको सानो छाल आयो, कहीं मेरो यो ज्ञानले मलाई नै विनाशतिर त डोऱ्याउँदै छैन ? तर उसले तत्काल आफैँलाई प्रश्न गऱ्यो, "सत्यको खोजमा डरले जित्नु हुँदैन ।" उसले ती कागजातका सबै प्रमाणको फोटो खिच्यो, स्क्यान गऱ्यो र गाउँभरि प्रोजेक्टरमा देखायो । स्क्रिनमा चम्किएको थियो मुखियाहरूको धोका । गाउँ स्तब्ध भयो । मुखियाहरू हडबडाए । "सबै झुट हो ' यो बदनाम गर्न खोजिएको षड्यन्त्र हो '" तर विलक्षणले 'अपलोडङ्क बटन थिचिसकेको थियो । प्रमाण विश्वभर फैलियो मानवअधिकार संस्था, पत्रकार, पर्यावरण समूह, सबैको ध्यान उज्यालो बस्तीमा खस्यो । "हामीलाई वर्षौंदेखि धोका दिइएको रहेछ" गाउँलेहरू आक्रोशमा रोए । विलक्षणले उठेर भन्यो, "सत्य लुकाउन सकिँदैन । अब हामी अन्धकारको दास रहने छैनौँ ।" त्यसदिन उज्यालो बस्तीमा अक्षर, ज्ञान र सूचना पहिलोपटक सत्ता बने । मुखियाहरू पदच्युत भए । तर उनका केही समर्थकले 'विलक्षणको हैकमङ्क भन्दै गाउँमा विरोधको सानो स्वर निकाले, जसले परिवर्तनको बाटो सजिलो छैन भन्ने संकेत गऱ्यो । हिमालतिर हेर्दै विलक्षणले गाउँलाई घोषणा गऱ्यो, तर उपदेशका रूपमा होइन, प्रतिबद्धताका रूपमा । "हामी मुक्त हुन्छौँ तर केवल ज्ञानले मात्र होइन, उत्तरदायित्वले पनि ।" अन्धविश्वासबाट: विज्ञान, तर्क र शिक्षातिर । अब हामी देवता रिसाएको हेरेर होइन, मौसमको तथ्याङ्क हेरेर खेतीको योजना बनाउँछौँ । दुरुपयोगबाट: पारदर्शिता, नियम र स्वच्छ प्रशासनतिर । हाम्रो गाउँको हरेक पैसाको हिसाब इन्टरनेटमै पारदर्शी हुनेछ । सङ्कीर्णताबाट: विश्व नागरिक (नयिदर्बा ऋष्तष्शभलक) को चेतनातिर । हामीले आफ्नो सम्पदालाई चिन्छौँ, तर संसारसँग सिक्न पनि पछि पर्दैनौं । वर्षौंपछि– उज्यालो बस्तीको खोलामा वातावरण अनुकूल आधुनिक आयोजना आयो । विद्यार्थीहरूले थ्बभि, त्यपथय र अन्य विश्वविद्यायसँग अनलाइन कक्षाहरू लिन थाले । कतिपय युवाहरूले प्रविधि सिक्न नसकेर निराश पनि भए, तर विलक्षणले 'असफलता ज्ञानको अन्त्य होइनङ्क भन्दै उनीहरूलाई हौसला दियो । पुराना बुढाबुढीहरूले एकदिन विलक्षणको हात समाएर भने, "बाबु, हामीले भगवानलाई खोजेका थियौँ, तर खोजेको शक्ति त, ज्ञानमै रहेछ ।" विलक्षण मुस्कुरायरुो जसरी बिहानको पहिलो किरण हिमालको टुप्पोबाट झर्दा सारा संसार उज्यालो देखिन्छ । अन्धकार हटिसकेको थियो । उज्यालो बस्ती पहिलोपटक साँच्चै उज्यालो भएको थियो । गाउँभर फैलिएको थियो एउटा स्वर, "राष्ट्रले आफ्ना कमजोरीलाई विश्वको दर्पणमा हेर्न सिक्यो भने, नयाँ युग जन्मिन्छ ।" उज्यालो बस्तीले सिद्ध गऱ्यो: सूचना शक्ति हो, ज्ञान प्रकाश हो र प्रकाश अन्धकारको अन्त्य मात्र होइन, मानवीय चेतनासहितको नयाँ युगको आरम्भ पनि हो । ***-साहित्यपोस्ट डटकम***

# प्रदेश प्रहरीद्वारा शान्ति, सुरक्षाको कार्यक्रम सार्वजनिक




**सिद्धार्थनगर (भैरहवा),** जेठ २९/ लुम्बिनी प्रदेश प्रहरी कार्यालय, लुम्बिनीले आधुनिक सूचना प्रविधिको सदुपयोग गरी समुदायलाई सचेत गराउँदै शान्ति सुरक्षा, अमन, चयन कायम गर्न तीनदिने कार्यक्रम सार्वजनिक गरेको छ । सो कार्यक्रमबारे जानकारी दिने उद्देश्यले शुक्रबार यहाँ आयोजित पत्रकार भेटघाटका अवसरमा लुम्बिनी प्रदेश प्रहरी प्रमुख एवं प्रहरी नायब महानिरीक्षक भूपेन्द्र बहादुर खत्रीले प्रविधि, शान्ति र सामुदायिक सचेतनालाई एकै सूत्रमा बाँधेर कार्ययोजना अघि सारेको बताए ।

उनले बुटवलस्थित लुम्बिनी प्रदेश प्रहरी तालिम केन्द्रमा 'ह्याक फर सेफ्टी' र अन्तरराष्ट्रिय सम्मेलन केन्द्रमा सामुदायिक जागरूकता कार्यक्रमसहित बुद्ध जन्मस्थल लुम्बिनीमा शान्ति पदयात्रा सञ्चालन गरी शान्ति सुव्यवस्थाका पक्षमा प्रदेश प्रहरी अघि बढेको जानकारी दिए ।

प्रहरी नायब महानिरीक्षक खत्रीले भने, "सार्वजनिक सुरक्षाका चुनौतीसँग जुध्न आधुनिक सूचना प्रविधिको सदुपयोग हुन आवश्यक छ । 'ह्याक फर सेफ्टी' मार्फत युवा, विद्यार्थी, 'डेभलपर' तथा नवप्रवर्तनकर्तालाई सार्वजनिक सुरक्षा, साइबर अपराध नियन्त्रण, अनुसन्धानमा सहयोग तथा प्रहरी सेवासँग सम्बन्धित समस्या समाधानका लागि नवीन उपाय विकास गर्न सहयोग पुग्ने प्रहरीको विश्वास छ । सोहीअनुसार रचनात्मक कार्यक्रम सञ्चालन हुनेछ ।" त्यसैगरी, बुद्ध जन्मस्थल लुम्बिनीमा आयोजना हुने शान्ति पदयात्रामार्फत शान्ति, सहिष्णुता, सामाजिक सद्भाव र सामूहिक जिम्मेवारीको सन्देश प्रवाह गर्न लागेको प्रदेश प्रहरीले जनाएको छ । सो पदयात्रामा विद्यार्थी, अभिभावक, नागरिक समाज, स्थानीय समुदाय तथा विभिन्न सैसंस्थाको उल्लेख्य सहभागिता हुने अपेक्षा गरिएको छ ।

प्रदेश प्रहरीका अनुसार बुटवल अन्तरराष्ट्रिय सम्मेलन केन्द्रमा हुने सामुदायिक जागरूकता कार्यक्रममा साइबर अपराध, लागुऔषध दुर्व्यसन, सडक सुरक्षा, आत्महत्या न्यूनीकरण, डिजिटल सुरक्षा तथा सामाजिक विकृतिविरुद्ध सचेतना अभिवृद्धिका पक्षमा विभिन्न कार्यक्रम हुनेछ । लुम्बिनी प्रदेश प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी वरिष्ठ उपरीक्षक शारदाप्रसाद चौधरीले यही जेठ ३० गते सुरु भई असार १ गते सम्पन्न हुने तीनदिने विशेष अभियानमा व्यापक जनसहभागिता रहने र यसबाट प्रदेशको शान्ति, सुव्यवस्था कायम गर्न सघाउ पुग्ने विश्वास व्यक्त गरे ।*-रासस*

## खेलकुद समाचार

### केन विलियमसनले लिए सन्न्यास



**काठमाडौं,** जेठ २९/ न्युजिल्यान्डका दिज्जग ब्याटर केन विलियमसनले अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्न्यासको घोषणा गरेका छन् । यससँगै उनको १६ वर्षे शानदार अन्तर्राष्ट्रिय करियरको अन्त्य भएको छ । ३५ वर्षीय विलियमसन अन्तर्राष्ट्रिय क्रिकेटमा न्युजिल्यान्डका लागि सबैभन्दा धेरै रन बनाउने खेलाडी हुन् । उनले अन्तर्राष्ट्रिय क्रिकेटमा १९ हजार ३२६ रन बनाएका छन् । विलियमसनले ११० टेस्टमा ६ दोहोरो शतक र ३३ शतकसहित ९ हजार ५१५ रन, १७५ एकदिवसीयमा १५ शतकसहित ७ हजार २५६ रन तथा ९३ टी-२० मा २ हजार ५७५ रन बनाएका छन् । केन विलियमसनले सन् २०१६ देखि २०२४ सम्मको अवधिमा ३ वटै फर्म्याटमा न्युजिल्यान्डको कप्तानी गरेका थिए । उनको कप्तानीमा टोलीले आईसीसी एकदिवसीय विश्वकपमा २ पटक फाइनल र ३ पटक सेमिफाइनल खेल्यो । यस्तै सन् २०२१ मा न्युजिल्यान्डले पहिलो आईसीसी विश्व टेस्ट च्याम्पियनशिपको उपाधि जितेको थियो ।

## अर्थ/कर्पोरेट समाचार

### नेप्से परिसूचक घट्यो



**पाल्पा,** जेठ २९/ धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक चार अङ्कले ओरालो लागेको छ । अघिल्लो दिन ८ अंक घटेको सेयर बजार शुक्रबार ४ अंक घटेर आरालो लागेको हो ।

नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से चार अङ्कले घटेर दुई हजार सात सय २४ दशमलव शुन्य तीन अङ्कमा सीमित भएको छ । ठूला कम्पनीको कारोबार मापक सेन्सेटिभ परिसूचक शुन्य दशमलव ५३ अङ्कले ओरालो लागेर चार सय ६७ दशमलव ०९ अङ्कमा सीमित भएको छ । कूल तीन सय ४२ कम्पनीको ९८ लाख ५६ हजार पाँच सय २५ कित्ता शेयर चार अर्ब ३४ करोड १० लाख ९४ हजार सात सय ६४ मूल्यमा खरिद बिक्री भएको छ । नेप्सेका अनुसार, कारोबार भएकामध्ये ९१ कम्पनीको शेयर मूल्यमा वृद्धि भएको छ भने एक सय ६७ कम्पनीको शेयर मूल्य भने घटेको छ । यस्तै, १३ कम्पनीको भने कुनै परिवर्तन भएको छैन । कारोबारका आधारमा सेन्ट्रल फाइनान्स शीर्ष स्थानमा छ । यस्तै, सिटी होटल, आँखु खोला जलविद्युत् कम्पनी, हिमाल दोलखा हाइड्रोपावर र रिलायन्स स्पिनिङ मिल लिमिटेड शीर्ष पाँचमा पर्न सफल भएका छन् । सोपान फर्मा फर्मासिटिकल्स, अपोलो हाइड्रोपावर, ग्रीन डेभलपमेन्ट बैंक, सिद्धार्थ इन्भेस्टमेन्ट ग्रोथ स्कीम र हिमाल दोलाखा हाइड्रोपावरका लगानीकर्ताले कमाएका छन् । यस्तै, कालिञ्चोक हाइड्रोपावर, एसबिएल डिवेञ्चर, नेपाल एबिआई बैंक डिवेञ्चर, सप्तकोशी डेभलपमेन्ट बैंक र केबिएल डिवेञ्चरका लगानीकर्ताले भने सर्वाधिक गुमाएका छन् ।

# घाँस आम्दानीको...

...घाँस छरेपछि गोडमेल र स्याहार्ने झन्झट नभएकाले घाँसखेतीमा आकर्षण भएको उनले बताइन् । गाईभैंसी, भेडा, बाख्रा र कुखुरालाई यस घाँसले फाइदा पुऱ्याँउछ । उनले घाँसको दाना बिक्री गरेर एक लाख ६० हजार आम्दानी भएको बताइन् । सोही वडाकी भूमिसरा पुनले एक बिघा खेतमा वर्सिम घाँसखेती गरेकी छन् । पुनले दुई लाखको वरर्सिम घाँसको बीउ बिक्री गरेको बताइन् । धानभन्दा धेरै आम्दानी भयो । त्यसैले घाँसखेती गरेकी छु उनले भनिन् । धान काट्नुभन्दा अगाडि मसुरो छरे जस्तै यो घाँसको बीउ छर्ने गरिन्छ । घाँस उम्रदा धान काटिसकेको हुनुपर्छ । कसैले यसलाई खेत जोतेर छर्ने गरेका छन् । घोराही-६ का कृषकले ११ कट्ठादेखि दुई बिघासम्ममा वर्सिम घाँसखेती गरेको पाइन्छ । घाँसको उत्पादन राम्रो भएपछि घाँसको बीउको लागि देउखुरीको गुरुवागाँउलाई पकेट क्षेत्र घोषणा गरी बीउ उत्पादन गरिँदै आएको छ । वर्सिम घाँसलाई घाँसको राजाका रुपमा लिने गरिन्छ । यो घाँस गाईभैंसी, बाख्रा, कुखुराले राम्रो मानेर खाने गर्छन् । जिल्लामा गाईभैंसी र बाख्राको व्यावसायिक पालन बढ्दै गएपछि आर्थिक आयका लागि किसानहरूले घाँस मात्रै खेती गर्ने गरेको घोराही उपमहानगरपालिका कृषि शाखा प्रमुख खीमबहादुर बस्नेतले बताए । पछिल्लो समय दाङ घाँसको बीउ पकेटको क्षेत्रका रुपमा विकसित हुँदै गएको छ । *- रासस*


मनको आवाज.............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com


# रम्भा गाउँपालिकाको अनुरोध

- ➢ स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।
- ➢ अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- ➢ आफ्नो घर-आँगन वरपर सधैं सफा र स्वच्छ राखौं ।
- ➢ आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
- ➢ व्यापार, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्दा सम्बन्धित निकायमा दर्ता गरी इजाजत-पत्र लिएर मात्र सञ्चालन गरौं ।
- ➢ आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौ ।
- ➢ जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।

| वीर बहादुर पुन | राधाकुमारी श्रेष्ठ | विष्णु प्रसाद भण्डारी |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

रम्भा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पिपलडाँडा,पाल्पा
लुम्बिनी प्रदेश, नेपाल


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई